नेपाल सरकार

# ऊर्जा मन्त्रालय

# नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०६८।८।१५)**

नेपाल विद्युत प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १७(१) को प्रयोजनका लागि खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा उक्त ऐनको दफा ९ को उपदफा ४ बमोजिम बढीमा चारवर्षका लागि पदपूर्ति गरिने भएकोले देहायको न्यूनतम योग्यता पुरा गर्ने इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र ५००० शब्दमा नबढ्ने गरी तपसिलमा उल्लिखित विषय समावेश भएको नेपाल विद्युत प्राधिकरणको सुधारको लागि आफूले गर्ने कार्ययोजना सहितको रणनीतिक प्रस्ताव (Strategic Reform Proposal) यस मन्त्रालयमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **न्यूनतम योग्यता, शैक्षिक योग्यता र अनुभव:**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) निजी, सार्वजनिक वा सरकारी संस्थामा न्यूनतम १० वर्ष काम गरी अनुभव प्राप्त गरेको वा जलस्रोतको क्षेत्रमा कम्तिमा ७ वर्ष कार्य अनुभव भएको,

(ग) उमेर: ३५ वर्ष पूरा भएको र ५८ वर्ष ननाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) जल विद्युत आयोजनाका संस्थापक शेयरधनी प्रबर्धकहरु उम्मेदवार हुन पाउने छैनन् ।

२ **पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, तालिम तथा सम्पर्क ठेगाना सहितको विस्तृत बैयक्तिक विवरण (Bio-Data) ।

(ख) नेपाली नागरिकता र शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु ।

(ग) हाल अन्य कुनै संस्थामा कार्यरत रहेको भए सम्बन्धित संस्थाबाट पूर्व स्वीकृति ।

३. **लिखित प्रस्तावमा समावेश गर्नुपर्ने विषयगत सूची :**

(क) प्राधिकरणको भावी कार्य दिशाका लागि योजनागत सोच,

(ख) प्राधिकरणको विद्यमान चुनौती, समस्या र तिनको समाधानका उपाय,

(ग) प्राधिकरणको विद्युत उत्पादन, प्रशारण, वितरण, सेवा प्रवाह, चुहावट नियन्त्रण तथा आर्थिक एंव वित्तिय व्यवस्थापन सम्बन्धी रणनीतिगत सुधार,

(घ) प्राधिकरणको स्रोत परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यनीति,

(ङ) समय सिमासहितको कार्य योजनाको प्रस्तुतीकरण,

(च) उम्मेदवारले अपेक्षा गरेको पारिश्रमिक, प्रोत्साहन भत्ता तथा अन्य सुविधा,

(छ) कार्य सम्पादन/संचालनको लागि कार्यकारी निर्देशकमा निहित हुनपर्ने अधिकार ।

(ज) लिखित प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा तयार भएको हुनुपर्नेछ ।

४. **छनौट प्रक्रिया सम्बन्धी अन्य विवरण:**

(क) प्राप्त प्रस्तावहरुको मुल्यांकन पश्चात प्रस्तावकहरु मध्येबाट बढीमा ५ जनालाई छनौट सूचीमा समावेश गरिनेछ । छनौट सूचीमा परेका प्रस्तावकहरुले आफूले पेश गरेको प्रस्ताव ऊर्जा मन्त्रालयले निर्धारण गरेको समय र स्थानमा प्रस्तुतीकरण गर्नुपर्नेछ । प्रस्तावकले आफ्नो प्रस्तुतीकरण नेपाली वा अंग्रेजी कुनै एक भाषामा गर्न सक्ने छ ।

(ख) खण्ड (क) बमोजिम छनौट सूचीमा परेका उम्मेदवारले पेश गरेको प्रस्ताव र प्रस्तुतीकरणका आधारमा उत्कृष्ट ठहरिएका तीन जना प्रस्तावकहरुलाई अन्तरवार्ताका लागि आमन्त्रण गरिनेछ । उक्त तीन जना मध्ये सर्वोत्कृष्ट ठहर गरिएको एकजनाको नाम नियुक्तिका लागि सिफारिश समितिले ऊर्जा मन्त्रालयलाई उपलब्ध गराउने छ । दोश्रो सर्वोकृष्ट प्रस्तावकको नाम वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गरिने छ ।

(ग) प्रस्तुतीकरण तथा अन्तरवार्ताको लागि छनौट भएका प्रस्तावकहरुलाई प्रस्तुतीकरण तथा अन्तरवार्ता सम्बन्धी आवश्यक सूचना ऊर्जा मन्त्रालयले प्रदान गर्नेछ ।

(घ) यो सूचना बमोजिम प्राप्त भएका सबै वा कुनै प्रस्ताव कुनै पनि कारण उल्लेख नगरी रद्द गर्ने अधिकार ऊर्जा मन्त्रालयमा निहित रहनेछ ।

५. **कार्य सम्पादन सम्बन्धी सम्झौता :**

नियुक्तिको लागि सिफारिश भएको उम्मेदवारसंग निजले पेश गरेको कार्ययोजनामा सहमतिको आधारमा आवश्यक पारिमार्जन सहित कार्य सम्पादन करार सम्झौता (Performance Contract Agreement) गरिनेछ । करार सम्झौतामा व्यवस्था गरिएको प्रावधान बमोजिम त्रैमासिक अवधिको कार्य सम्पादन मूल्यांकन गरिनेछ । मूल्यांकन गरिएको आधारमा आवश्यकता अनुसार निर्देशन समेत प्रदान गरिनेछ । प्रत्येक छ महिनाको कार्य सम्पादनका आधारमा अर्को छ महिनाको लागि प्रोत्साहन भत्ताको रकम निर्धारण गरिनेछ । कार्यकारी निर्देशकको कार्य सम्पादनको छ महिनामा पूर्ण मूल्यांकन हुनेछ र यदि कार्य सम्पादन सन्तोषजनक नपाइएमा अर्को एक छ महिना अवधिमा सुधार गर्ने अवसर दिइनेछ । कार्य सम्पादन स्तरमा पुन: सुधार हुन नसकेमा निजलाई तत्काल अवकास दिइनेछ । तर निजलाई सफाई पेश गर्ने मौकाबाट भने बञ्चित गरिने छैन ।

६. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम प्राधिकरणको कार्यकारी निर्देशकको कार्यसम्पादन सूचक सहितको कार्यादेश (Terms of Reference) लगायत अन्य आवश्यक जानकारी यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा वा मन्त्रालयको Website (www.moen.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।